



- रेमिट हाइड्रो लिमिटेडको स्थापना...............१
- अन्तराष्ट्रिय अवार्डबाट सम्मानित............२


२०७१ चत्र | वष २/अङ्क ११

# एच.आइ.डि.सि.एल. न्यूजलेटर


**HYDROELECTRICITY INVESTMENT & DEVELOPMENT COMPANY LIMITED**

**जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको**

**द्वैमासिक ईपेपर**

*जलविद्युतको विकासबाट समृद्व नेपालको निर्माणमा अघि बढ्दै*


# रेमिट हाइड्रो लिमिटेडको स्थापना

नेपाली कामदारले विदेशबाट कमाएको रकम जलविद्युत्मा लगानी गर्न जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेड (एचआईडीसीएल) ले रेमिट हाइड्रो लिमिटेडलाई स्थापना गरेको छ । एचआईडीसीएल सञ्चालक समितिले कम्पनी स्थापनाको प्रकिया अघि बढाउन प्रमुख कार्यकारी अधिकृत दीपक रौनियारलाई अधिकार प्रदान गरेको छ । रेमिट्यान्स लगानी गरेर मात्र आयोजना विकास गर्ने लक्ष्य लिएको छ । मलेसिया, मध्यपुर्व र दक्षिण कोरियामा गएका नेपाली कामदारले रेमिट्यान्सको रुपमा धेरै रकम नेपाल पठाउने गरेका छन् । रेमिट्यान्स रकम जलविद्युत्मा लगानी गरी देश विकासमा टेवा पुऱ्याउने लक्ष्य लिइएको छ ।



*वैदेशिक रोजगारीका लागि चाहिने कागजपत्र जुटाउन श्रम विभाग अगाडी लामबद्ध नेपाली युवा*

सरकारी वास्केटमा रहेको आर्कषक आयोजना छनौट गरी सरकारबाट अनुमतिपत्र (लाइसेन्स) लिने तयारी भइरहेको छ । यसबाट विदेशमा रहेर कमाई गरिरहेको नेपालीको रकमलाई राष्ट्र निर्माणमा लगाउने तयारी एचआईडीसीएलको छ । विदेशमा रहेका कामदार जलविद्युतमा लगानी गर्न इच्छुक भएको पाइएको छ ।

## सञ्चालक समितिमा परिवर्तन

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड (एचआईडीसीएल) ले आफनो सञ्चालक समिति संरचनामा परिवर्तन गरेको छ । जसअनुसार नयाँ सञ्चालकमा श्री योगेन्द्र गौचन, श्री रामशरण पुडासैनी र श्री रामकृष्ण पोखरेल नियुक्त हुनुभएको छ ।

**श्री योगेन्द्र गौचन**

महालेखा नियन्त्रक कार्यलयले सहायक महालेखा नियन्त्रक गौचनलाई एचआईडीसीएलको सञ्चालक समितिमा नियुक्त गरिएको छ । एचआईडीसीएलमा महालेखाको १ अर्ब रुपैयाँको १० लाख कित्ता सेयर लगानी छ । सरकारी नीति अनुसार सहसचिवलाई सञ्चालक समितिमा नियुक्त गर्नुपर्ने हुन्छ । गौचन नियुक्त हुनु अघि कानून न्याय मन्त्रालयका सहसचिव उदयराज सापकोटा सञ्चालक हुनुहुन्थ्यो ।

**श्री रामशरण पुडासैनी**

सञ्चालक पुडासैनी अर्थमन्त्रालय अर्न्तगत अनुगमन तथा मूल्याँकन महाशाखा प्रमुख तथा सहसचिवका रुपमा कार्यरत हुनुहुन्छ । अर्थ मन्त्रालयको एचआईडीसीएलमा २ अर्ब रुपैयाँ बराबरको २० लाख कित्ता सेयर लगानी छ । पुडासैनी अर्थका प्रवक्ता पनि हुनुहुन्छ ।

**श्री रामकृष्ण पोखरेल**

नागरिक लगानी कोषका कार्यकारी निर्देशक रामकृष्ण पोखरेल एचआईडीसीएलको सञ्चालकमा नियुक्त हुनुभएको छ । कोषको १ अर्ब रुपैयाँ बराबरको १० लाख कित्ता सेयर छ ।

## रेमिट हाइड्रोद्धारा दुई आयोजना बनाउन प्रस्ताव

एचआईडीसीएलको सहायक कम्पनी रेमिट हाइड्रो लिमिटेडले सरकारी बास्केटमा रहेका मध्यम क्षमताका २ जलविद्युत् आयोजना निर्माणका लागि ऊर्जा मन्त्रालयसंग अनुमतिपत्र (लाईसेन्स) मागेको छ । प्रारम्भीक चरणमा आयोजनाको सर्वेक्षणका लागि रेमिटले ऊर्जासंग लाइसेन्स मागेको हो । रेमिटले ७१.५ मेगावाटको घुन्साखोला र ५३.७ मेगावाटको सिम्बुवाखोला आयोजनाको सर्वेक्षण लाइसेन्स दिन विद्युत् विकास विभागमा निवेदन दिएको छ । दुबै आयोजना नेपालको पुर्वी जिल्ला ताप्लेजुङमा पर्छन् । लाइसेन्स पाएपछि रेमिट हाइड्रोले रेमिटेयान्सको पैसा लगानी गरी आयोजना बनाउने छ । यसैका लागि एचआईडीसीएलले रेमिट हाइड्रोको स्थापना गरेको हो । घुन्साको संभाव्यता अध्ययन पहिला नै सम्पन्न भइसकेको छ भने सिम्बुवाको गर्न बाँकी छ । दुबै आयोजनाको अनुमानित लागत १९ अर्ब रुपैयाँ रहेको प्रारम्भीक अध्ययनले देखाएको छ । यसमा एचआईडीसीएलले दुबै आयोजनामा ५१ प्रतिशत, २४ प्रतिशत वैदेशिक रोजगारीमा जाने कामदार, १० प्रतिशत स्थानिबासिन्दा र १५ प्रतिशत सर्वसाधारणलाई प्राथमिक सेयर बेचेर लगानी जुटाउने गरी लगानीको प्रारुप तयार गरिएको छ । महिलालाई आर्थिक रुपमा सबल बनाउन प्राथमिक सेयरको आधा महिलालाई संरक्षित गरिएको छ । वैदेशिक रोजगारीमा जानेले मासिक किस्तावन्दीमा पनि सेयर किन्न सक्ने प्रावधान राखिएको छ ।

## अन्तराष्ट्रिय अवार्डबाट सम्मानित

स्पेनको विजनेश इनिसियटिभ (बीड) ले विशेष प्रतिवद्धता सहित गुणस्तर र विशेष नेतृत्व प्रदान गरेको भन्दै एचआईडीसीएललाई प्रतिष्ठित इन्टरनेश्नल आर्क अफ युरोप (गोल्ड क्याटोगरी) अवार्ड २०१५ बाट सम्मानित गरेको छ । पछिल्ला २ वर्षयता एचआईडीसीएलले ऊर्जा क्षेत्रमा नेतृत्वदायी भुमिका निर्वाह गरेको र देशको ऊर्जा विकासमा लगानी गरेको आधारमा गोल्ड क्याटोगरि अवार्डबाट सम्मानित भएको हो । बीडले युरोपमा गुणस्तरिय संस्कृति प्रवर्द्धमा जोड दिदै आएको छ । यसअवधिमा एचआईडीसीएलले २० देखि ८२ मेगावाट क्षमताका ८ जलविद्युत् आयोजनामा स्थानिय बैंक तथा वित्तीय संस्थासंगको सहवित्तीयकरण अर्न्तगत लगानी गरेको छ । यो सरकारको ऊर्जामा लगानी गर्ने संस्थाको रुपमा ४ करोड डलर ३७.६ मेगावाटको कावेली ए जलविद्युत् आयोजनामा लगानी गर्दै छ । यो समेत गरी एचआईडीसीएलले ९ आयोजनामा लगानी गरेको छ । एचआईडीसीएलले हालै सहायक रेमिट् हाइड्रो कम्पनी लिमिटेड स्थापना गरी १२० मेगावाट क्षमताका दुई आयोजना निर्माणको तयारी गरिरहेको छ । यस्तै नेपाल-भारत ४ सय केभी क्षमताको अन्तरदेशिय प्रसारणलाइन निर्माणका लागि गठन भएको पावर ट्रान्समिसन कम्पनी नेपाल लिमिटेड (पीटीसीएन) मा १४ प्रतिशत स्वपुंजी लगानी गरेको छ ।


द्धैमासिक ईपेपर



जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड
बबरमहल, काठमाडौं

फोन: ९७७-१-४२५७०२४, ४२५७०२५ फ्याक्स:+९७७-१-४२६१०६० इमेल: info@hidcl.org.np URL:www.hidcl.org.np